मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३० ◆ अङ्क : ३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ पुस ६ गते शनिवार (Saturday, 21 Dec. 2024) नेपाल सम्वत् ११४५ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अष्ट्रेलिया र दुबई पठाइदिन्छु भनी ठगी

**काठमाडौं, पुस ५।** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा भक्तपुर नगरपालिका-१० कमलविनायक बस्ने ३६ वर्षीय ज्वालाराम मुस्याख्वा र रूपन्देही बुटवल उपमहानगरपालिका-१३ नयाँगाउँ ठेगाना भई काठमाडौं टोखा नगरपालिका-६ ग्राण्डी बस्ने ३७ वर्षीय बुद्धिबहादुर बस्याल रहेका छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

# बैदेशिक रोजगारीमा रहेका १४ हजारभन्दा बढीको मृत्यु

**काठमाडौँ, पुस ५।** पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीमा गएका व्यक्तिमध्ये १४ हजारभन्दा बढीको मृत्यु भएको विवरण सार्वजनिक भएको छ।

वैदेशिक रोजगार बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/०६६देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार दुई सय १३ जनाको मृत्यु भएको हो। नेपालमा साताव्यापी रूपमा मनाइँदै गरिएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त विवरण सार्वजनिक गरेको हो। बुधबार परेको उक्त दिवसका अवसरमा मन्त्रालयले यही डिसेम्बर १६ देखि २२ तारिखसम्म विभिन्न कार्यक्रम गरी दिवस मनाइरहेको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त दिवस मनाउन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा मूल समारोह समिति नै गठन गरेर साताव्यापी कार्यक्रम आयोजना गरेको हो। समितिले सार्वजनिक गरेको विवरण अनुसार बोर्ड स्थापनापछिको उक्त अवधिमा गम्भीर बिरामी तथा अङ्गभङ्ग भएर फर्किएका मात्रै तीन हजार चार सय ४० जना श्रमिक छन्। उनीहरूलाई वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता प्रदान गरिएको सचिव निरौलाले जानकारी



दिए। नेपालबाट विभिन्न एक सय ११ मुलुकमा नागरिक आप्रवासीका रूपमा गएका उनले बताए। अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनको आप्रवासन प्रतिवेदन-२०२४ अनुसार विश्वभरि अनुमानित २८ दशमलव एक करोड मानिस आप्रवासीका रूपमा रहेका छन्। जसमध्ये आप्रवासी श्रमिकको संख्या १६ दशमलव नौ करोड रहेको छ। आप्रवासीमाथि हुनसक्ने विभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्बर १८का दिन आप्रवासी श्रमिक र तिनका परिवारको सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी महासन्धि, १९९० पारित गरी सन् २००३ जुलाई १देखि लागू भएको छ।

त्यसैले अन्तर्राष्ट्रिय आप्रवासी दिवस हरेक वर्ष डिसेम्बर १८मा मनाइन्छ। संयुक्त राष्ट्रसंघले आप्रवासनका चुनौति र अवसरका बारेमा चेतना जगाउन र विश्वभरका आप्रवासीहरूको योगदानलाई मान्यता दिनका लागि विश्वव्यापी रूपमा यो दिवस मनाउन आव्हान गरेको हो। त्यसैले नेपालमा पनि यो दिवस सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज, आप्रवासी श्रमिक तथा उनीहरूका परिवार, सञ्चार जगतलगायत विभिन्न पक्षहरूको संयुक्त पहलमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आइएको छ।

नेपालको अर्थतन्त्रलाई गतिशील बनाउन वैदेशिक रोजगारीले महत्वपूर्ण योगदान गरेको छ। अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको श्रम शक्तिलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै वैदेशिक रोजगारीबाट आर्जित पुंजी, प्रविधि, सिप र अनुभवलाई अधिकतम् रूपमा परिचालन गर्ने सरकारको नीति रहेको श्रम मन्त्रालयले जनाएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बद्ध कानूनमा परिमार्जन, सिपसहितको रोजगारीको सुनिश्चितता, निःशुल्क अभिमुखीकरण तालिम, श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी, वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत स्वदेशमा विप्रेषण ल्याउन प्रोत्साहन गर्ने, रिटनी उद्यमशीलता कार्यक्रम कार्यान्वयन गरिने आदि समावेश छ।

आव २०८०/०८१मा गतआर्थिक वर्षको तुलनामा विप्रेषण आप्रवाह १६ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु. १४ खर्ब ४५ अर्ब ३२ करोड जतिको रकम नेपाल

*(बाँकी अन्तिम पृष्ठमा)*

## हात्तीको आक्रमणबाट महिलाको मृत्यु

**मोरङ, पुस ५।** मोरङको सुन्दरहरैंचा-७का ४० वर्षीया गङ्गामाया मगर (श्रेष्ठ)को हात्तीको आक्रमणबाट मृत्यु भएको छ।

सुन्दरहरैंचा-७का वडाध्यक्ष भूवन आलेमगरका अनुसार शुक्रबार बिहान स्थानीय सिर्जना सामुदायिक वनको नर्सरीबारीमा घाँस दाउराका लागि गएकी गङ्गामायालाई हात्तीले आक्रमण गरेको हो। श्रेष्ठलाई सँगै गएका साथीहरूले उद्धार गरी पूर्वाञ्चल विश्वविद्यालय छेउमा ल्याएर प्रहरीलाई खबर गरेका थिए।

प्रहरीले विश्वविद्यालय परिसरबाटै उद्धार गरी नोबेल अस्पताल विराटनगर पठाएको थियो। गङ्गामायाको उपचारका क्रममा नोबेल अस्पतालमा मृत्यु भएको वडाध्यक्ष मगरले बताए। वडाध्यक्ष मगरले गङ्गामायाको शरीरमा कुनै चोटपटक नदेखिएको जानकारी दिए।

प्रहरीका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता वेदप्रकाश जोशीले घटनाको पुष्टि गर्दै गङ्गामायाको शव पोष्टमार्टमका लागि कोशी अस्पताल बिराटनगर पठाइएको बताए।

## ब्राउनसुगरसहित पक्राउ

**झापा, पुस ५।** भद्रपुर नगरपालिका-४ झापा चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ चार ग्राम ८ सय ६० मिलिग्रामसहित एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा बिर्तामोड नगरपालिका-१ बस्ने २३ वर्षीय मनोज तामाङ रहेका छन्।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले ज्ञानेचोकबाट चन्द्रगढी चोकतर्फ आउँदै गरेको प्र.१-०१-००१ ह ८०३० नम्बरको अटोलाई जाँच गर्ने क्रममा अटोमा सवार तामाङलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। साथै प्रहरीले आवश्यक अनुसन्धानको लागि अटो चालक र अटोमा सवार अन्य दुई जनालाई नियन्त्रणमा लिएको छ।

## कोशीका मुख्यमन्त्रीलाई माओवादीको पाँच आरोप



**विराटनगर, पुस ५।** नेकपा माओवादीले सरकारको काम कारबाहीको बारेमा विभिन्न टिप्पणीसहित आलोचना गरेको छ।

नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सरकारका पाँच वटा कामको विषयमा असहमति रहेको जनाए। उनले पत्रकार सम्मेलनमा जानकारी गराएको पहिलो विषय भनेको विपद्को बेलामा भएको क्षतिमा प्रदेश सरकारको भूमिका कमजोर भएको थियो।

बागमती प्रदेशपछि सबैभन्दा बढी क्षति कोशी प्रदेशमा भएको बताएका आङ्बोले ६ अर्बभन्दा बढी क्षति भएको भनिएपछि सरकारको उपस्थिति कतै नदेखिएको टिप्पणी गरे। 'क्षतिपछि सरकारले केही गरेन, कुनै राहत, मर्मत सम्भार र पुनः निर्माणका कामहरू भएका छैनन्- उनले भने- ३ महिना बितिसक्दा पनि काम हुन सकेको छैन, सरकारले अभिभावकत्व निभाउन सकेन।'

अर्को विषय थियो, प्रदेश सरकार र प्रदेशसभाले नचिनेको व्यक्ति मुख्यमन्त्रीको ठाउँमा बसेर बजेट संशोधन गर्छु भनेको विषय। पूर्वमुख्यमन्त्री शेरधन राईलाई लक्षित गरी आङ्बोले संयन्त्रको नाममा अवैध संयन्त्र या व्यक्तिले बजेट पुनरावलोकन गर्छु भन्नू अवैधानिक भएको बताए।

मुख्यमन्त्री छेउमा बसेर निरीह हुनु गम्भीरतापूर्वक लिएको उनको भनाइ छ। यो विषयमा उनले सरकारको धारणा माग गरे। कुनै संयन्त्रको नाममा सरकारलाई सहजीकरण गर्नु ठीक हो तर मुख्यमन्त्रीको कुर्सीमा बसेर असंसदीय कुरा गर्नु ठीक हैन- उनले भने- संविधान र कानूनमा नभएको काम अहिले संयन्त्रको नाममा भइरहेको छ।

संसदीय दलका नेता आङ्बोले पत्रकार सम्मेलनमा उठाएको तेस्रो विषय भने लगानी सम्मेलनसँग सम्बन्धित थियो। उनले कोशी प्रदेशमा पहिलोपटक

*(बाँकी अन्तिम पृष्ठमा)*

## रास्वपा इलाम सभापतिमा ओडारी



**इलाम, पुस ५।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) इलामको सभापतिमा टीका ओडारी चयन भएका छन्।

होटल व्यवसायी संघ इलामका पूर्वअध्यक्ष तथा कन्याम इन होटलका सञ्चालक समेत रहेका ओडारी जिल्ला सभापतिमा चयन भएका हुन्। उनी पर्यटन व्यवसायसँग सम्बन्धित रहेर काम गर्दै आएका छन्। ओडारी विगत १५ वर्ष भन्दा धेरै समयदेखि इलाममा रहेर पर्यटन प्रर्वद्धनको क्षेत्रमा काम गर्दै आएका छन्।

पार्टीको उपसभापतिमा सन्तोष श्रेष्ठ, सचिव गोकुल राई, सहसचिवमा दिनेश महत, कोषाध्यक्षमा कल्पना न्यौपाने रहेका छन्। सदस्यहरुमा गणेश कार्की, मिङ्मा सेर्पा, प्रकाश वोहोरा (प्रतिक) महिला सदस्य सविता दास, पवित्रा कार्की राउत, कमला अधिकारी चयन भएका छन्।

## आइपीओ जारी गर्दै नेपाल चिया विकास निगम

**झापा, पुस ५।** नेपाल चिया विकास निगम लिमिटेडले आइपीओ जारी गर्ने भएको छ।

जसका लागि सर्वसाधारणलाई शेयर बिक्री गर्ने प्रस्ताव राखेर पुस २९ गते सोमबार काठमाडौंमा साधारणसभा बोलाएको छ। सभाले शेयर सर्वसाधारणलाई बिक्री गर्ने तथा सोको लागि निगमको चुक्ता पुँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्नेछ।

यस्तै, सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षबाट पेश भएको




प्रतिवेदन पारित गर्ने तथा लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृत गर्ने लगायतका प्रस्ताव पारित गर्नेछ।

सिप सिकौं, दक्ष भएर मात्र विदेश जाऔं।

ग्यारेन्टीका साथ वैदेशिक रोजगारको अवसर

युएईको दुबई शहरमा आफ्नै छ वटा लेडीज सैलुन सञ्चालन गर्नुभएकी झापाली चेली सुजता गिरीले बिर्तामोड शनिश्चरे रोड ट्याक्सी स्टेण्ड पश्चिम, नेपाल बैंक छेउमा पूर्वी नेपालका महिलाहरुलाई सिप सिकाएर ग्यारेन्टीका साथ वैदेशिक रोजगारको अवसर प्रदान गर्नु भएको छ। सिप सिकेर विदेश जान चाहने २० वर्षदेखि ३५ वर्षसम्मका कक्षा १२ पास गरेका इच्छुक महिलाहरुले तु–सम्पर्क गर्नुहोला। कम लागत र आकर्षक तलब भएको हुँदा छोटो समयमा धेरैले रोजगारी प्राप्त गरिसक्नु भएको छ।

साथै यहाँ विदेशी प्रोडक्ट्का साथमा सम्पूर्ण ब्यूटीसीयन सम्बन्धी सेवा समेत उपलब्ध छ।



हवाइट एन्जल एकाडेमी

सम्पर्क: ९७०४५६२०८३

(whatsapp : +971561571863, 971582546427)



## अर्जुनधारा र जापानको तोनो सिटीबीच भगिनी सम्बन्ध स्थापना



**झापा, पुस ५।** अर्जुनधारा नगरपालिका र जापानको तोनो सिटीबीच भगिनी सम्बन्ध स्थापनाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ।

बिहीबार नगरपालिकामा आयोजित एक कार्यक्रममा अर्जुनधाराका नगरप्रमुख बलदेवसिंह गोम्देन र जापानको टोनो सिटीका मेयर काजुहिको ताडाले दुवै भगिनी सम्बन्ध स्थापित गरेर अगाडि बढ्ने प्रतिबद्धतासहित समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्।

कृषि र स्वास्थ्य क्षेत्र साथै विभिन्न क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने समझदारी भएको नगरप्रमुख गोम्देनले बताए। मैत्रीपूर्ण निमन्त्रणामा जापानको तोनो सिटीका मेयर ताडासहितको ११ जनाको टोली दुईदिने भ्रमणका लागि अर्जुनधारा नगरपालिका आएको उनले बताए। मेयर ताडासहितको टोलीले अर्जुनधारामा स्थापना भएको विपद् केन्द्र र कृषि बजारको स्थलगत अवलोकन पनि गरेको छ।

जापानको टोलीमा मेयर काजुहिको ताडासहित 'डाइरेक्टर अफ इण्डष्ट्री डिपार्टमेन्ट मानमी सासाकी, इण्डष्ट्री प्लानिङ डिभिजन चिफ इग्जानमिनर यासुहिको कुराउची, चेरमेन अफ सिटी काउन्सिल तसुतोमु ताडा, भाइस चेयरमेन अफ द स्टाण्डिङ कमिटी अन इण्डस्ट्री एण्ड कन्ट्रक्सन हिरोसी किकोची, स्टाण्डिङ कमिटी मेम्बर फर इण्डष्ट्री एण्ड कन्ट्रक्सन योसियुकी किकुची, प्रेसिडेन्ट एण्ड सिइओ अफ सुकुभा प्रिसिजन यासुसी किकुचीलगायत सहभागी छन्। उनीहरूलाई नगर परिसरमा नौमती बाजासहित स्वागत गरिएको थियो।


# 'कोलबुङ-रमिते गौडा झोलुङ्गे पुल' निर्माण सम्पन्न

**झापा, पुस ५।** शिलान्यास गरिएको पाँच महिनामै बुद्धशान्ति गाउँपालिकामा झोलुङ्गे पुलनिर्माण भएको छ।

संघीय सरकारको रु. पाँच करोड ९८ लाख सात सय ६१ को लागतमा पुल बनेको हो। बुद्धशान्ति वडा नं. ६ र ७ लाई जोड्ने चार सय ७६ मिटर लामो उक्त 'कोलबुङ-रमिते गौडा झोलुङ्गे पुल' टिमाई नदीमा बनेको छ। शहरी विकास मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभागको सम्पेन्सन ब्रिज डिभिजनका साइट इञ्जिनियर जयप्रसाद गुप्ताका अनुसार वि.सं. २०८१ जेठ २४ गते उक्त पुलको निर्माण सम्झौता भएको थियो। सम्झौतामा निर्माण अवधि २०८३ जेठ २३ गतेसम्म तोकिएको थियो।

सम्झौता भएको एक महिनापछि २०८१ असार २४मा सांसद एवम् नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले उक्त झोलुङ्गे पुलको शिलान्यास गरेका थिए। निर्माणको ठेक्का लिएको कम्पनीले शिलान्यास भएको पाँच महिना र सम्झौता भएको छ महिनामै झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न गरेको हो। निर्माण व्यवसायी पक्षले निर्माण कार्य सम्पन्न गरिसकेको छ- उनले भने- सरकारी तहबाट अन्तिम परीक्षण हुन बाँकी छ। चाँडै अनुगमन गरेर पुलको हस्तान्तरण प्रक्रिया अघि बढ्नेछ।

दुई वर्षमा बनिसक्ने भनिएको झोलुङ्गे पुल छ महिनामै निर्माण भएको देखेर आफू



चकित भएको बुद्धशान्ति-६का शिवराज पौडेल बताउँछन्। उनी भन्छन् हिजोअस्तिजस्तो लाग्छ पुलको शिलान्यास भएको, ठेकेदारले यति छिटो काम सम्पन्न गर्लान् भनेर कल्पना समेत गरिएको थिएन।

मंसीरको अन्तिम सातादेखि पुलबाट सर्वसाधारणले आवतजावत गर्न थालिसकेका छन्। प्रदेशकै लामो पुल भएकाले घुम्न, हेर्न र फोटो भिडियो खिच्न युवायुवती आउन थालेकाले आन्तरिक पर्यटनमा समेत टेवा पुगेको छ। पुल बन्नुअघि बुद्धशान्तिको वडा नं ६ बाट ७मा जान स्थानीयवासीले सकस भोग्दै आएका थिए। पुल बनेपछि बुद्धशान्तिका वडावासीलाई आउजाउका लागि मात्र नभएर इलामको रोङ गाउँपालिका वडा नं. ५ र ६ का बासिन्दालाई आफ्नो कृषि उपज झापाको बजारमा पुर्‍याउन सुविधा पुगेको वडाध्यक्ष पौडेलले बताए।

भौतिक पूर्वाधारका अधिकांश निर्माण कार्यमा ढिलासुस्तीको गुनासो आउने पाइन्छ। तर, सम्झौतामा दिइएको अवधिको तुलनामा एक चौथाइ अवधिमै पुलको निर्माण सम्पन्न भएकोमा स्थानीयवासी खुसी रहेको पौडेल बताउँछन्। 'कोलबुङ-रमिते गौडा झोलुङ्गे पुल' कोशी प्रदेशको सबैभन्दा लामो र नेपालको तेस्रो लामो 'डि-टाइप'को झोलुङ्गे पुल रहेको इञ्जिनियर गुप्ताले बताए। सिराहामा निर्माण भएको एक हजार पाँच सय मिटर लामो झोलुङ्गे पुलसमेत सोही निर्माण व्यवसायीले तोकिएको समयअगावै बनाएको उनले जानकारी दिए।

निर्माण छिटो हुने कि ढिलो हुने भन्ने कुरा निर्माण व्यवसायीको कामको गति र इमान्दारीमा निर्भर हुन्छ- उनले भने- अटेरी प्रवृत्तिका कारण कतिपय काम ढिलो हुन्छन्। ठेकेदारले चाहे भने १८ महिना लाग्ने काम चार महिनामै पनि पूरा गर्न सक्छन्।

## अदालतको कार्यसम्पादन छिटो छरितो बनाइने



**झापा, पुस ५।** जिल्ला अदालत झापाले अदालतको कार्यसम्पादन छिटो छरितो बनाउन सक्दो प्रयास गर्ने जनाएको छ।

अदालतको काम कारवाही, सुव्यवस्थित तरिकाले सञ्चालन गर्न न्यायपालिकाको रणनीतिक योजना अनुसार समयमै मुद्दा फैसला गर्ने, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन तथा अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न जिल्ला अदालत नियमावली-२०७५को नियम ९७ बमोजिम अघि बढ्ने भएको हो।

नियमावली अन्तर्गत जिल्ला न्याय क्षेत्र समन्वय समितिमा जिल्ला अदालतका प्रमुख न्यायाधीश अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख, सम्बन्धित सरकारी वकिल, सम्बन्धित बारको अध्यक्ष, मालपोत कार्यालय प्रमुख, कारागार कार्यालय प्रमुख, जिल्ला समन्वय समितिका सचिव, तहसीलदार र प्रमुख न्यायाधीशले तोकेको नागरिक समाजको व्यक्ति सदस्य रहने प्रावधान रहेको छ।

जिल्ला अदालतमा परेका मुद्दामा प्रमाण बुझी अंग पुर्‍याइ समयमै फैसला दिन र फैसला कार्यान्वयन गर्न अदालतको एक्लो प्रयासले मात्र नसकिने जनाउँदै अन्य कार्यालय वा निकायको समन्वय र सहयोग आवश्यक रहेको प्रमुख न्यायाधीश उमेशप्रसाद लुइँटेलले बताए।

न्याय क्षेत्र समन्वय समितिका अध्यक्ष समेत रहेका प्रमुख न्यायाधीश लुइँटेलको अध्यक्षतामा सम्पन्न बैठकमा जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख बन्धुप्रसाद बाँस्तोला, झापा जिल्ला अदालतका न्यायाधीशहरु प्रकाशकुमार अधिकारी, महेन्द्रप्रसाद पोखरेल, तेजबहादुर खड्का, नवीनकुमार जोशी, नगेन्द्रकेशरी पोखरेल, रामप्रसाद पौडेल, ऋतबहादुर पुलामी मगर एवम् झापा बारका अध्यक्ष नारायणप्रसाद भट्टराई, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख मिलन केसी, जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधीवक्ता रुद्र आचार्य, मालपोत कार्यालय भद्रपुरका प्रमुख मालपोत अधिकृत राजेशप्रसाद पोखरेल, कारागार कार्यालयका प्रमुख रेवन्त भट्टराई, जिल्ला समन्वय समितिका सचिव तथा नापी कार्यालय भद्रपुरका प्रमुख नापी अधिकृत समेतको उपस्थिति रहेको थियो।

बैठकमा सरकारी साक्षी गवाह समयमै उपस्थित नगराउदा मुद्दाको कामकारवाही स्वतःढिलो भएकोले अब सो बिषयमा संवेदनशील भएर कार्य गर्न सरोकारवाला निकाय वा पक्षबाट अदालतले अपेक्षा लिएको प्रमुख न्यायाधीश लुइँटेलले बताए।

यता प्रमुख जिल्ला अधिकारी बाँस्तोलाले छिटो छरितो न्याय सम्पादन र फैसला कार्यान्वयनको लागि अदालतको आदेशलाई प्राथमिकता दिई कार्य गर्न आवश्यक रहेको बताए। अदालतका श्रेस्तेदार किरणकुमार सिंहले स्वागत गरेको कार्यक्रममा विभिन्न कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरूले आफ्नो कार्यालयसँग जोडिएको अदालतको आदेशलाई प्राथमिकता दिई समयमै जवाफ पठाउने प्रतिवद्धता व्यक्त गरेका थिए।

झापा जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेको र मंसीर मसान्तसम्म मुद्दाको जम्मा लगत ५ हजार ३ सय ५७ थान रहेकोमा १ हजार ५ सय ७९ थान फैसला भई हाल विचाराधीन मुद्दा संख्या ३ हजार ७सय ७८ थान रहेको कार्यक्रममा जानकारी दिइयो।

अदालतमा न्यायिक कार्यमा हुने हस्तक्षेप रोकी पारदर्शिता कायम राख्न इजलास छनौटमा गोला पद्धति र स्वचालित पेशी प्रणाली लागू भएको बताइएको छ। मुद्दा दर्ता सफ्टवेयरमा इन्ट्री हुने र कामकारवाही को विवरण https/:supremecour.gov.np/court/jhapadc बाट हेर्न सकिने अदालतका सूचना अधिकारी शाखा अधिकृत रामचन्द्र बस्नेतले जानकारी दिए।

## कांग्रेसको सय दिने अभियान जारी

**मेचीनगर, पुस ५।** नेपाली कांग्रेसले गत असोज ७ गतेदेखि शुरु गरेको सयदिने विशेष सांगठनिक अभियान अन्तर्गत शुक्रवार झापाका चारवटा पालिकाको गाउँ/नगर भेला सम्पन्न गरेको छ। वडा भेला सम्पन्न गरी गाउँ/नगर भेलामा जुटेको कांग्रेसले क्षेत्र र जिल्लाको भेला पनि तय गरिसकेको छ।

यसै सन्दर्भमा झापाको मेचीनगर, कनकाई, गौरादह नगरसमितिको भेला सम्पन्न भएको छ भने बाह्रदशी गाउँसमितिको भेला पनि सम्पन्न भएको छ। मेचीनगरमा आयोजित भेलालाई सम्बोधन गर्दै नेपाली कांग्रेस झापाका सभापति एवम् कार्यक्रमका प्रमुख अतिथि देउकुमार थेवेले आगामी पुस १६ गते ४८ औं राष्ट्रिय मेलमिलाप दिवसको अवसर पारेर जिल्लास्तरीय भेलाको आयोजना गरी अभियान समापन गरिने जानकारी दिँदै जिल्ला भेलामा सहभागी हुन सबै तहका नेता-कार्यकर्तालाई आग्रह गरे।

कार्यक्रमका विशेष अतिथि नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले वडा बलियो भए मात्रै पार्टी संगठन बलियो हुने बताउँदै वडा र टोलकेन्द्रित कार्यक्रम तय गरी पार्टी संगठन बलियो बनाउनुपर्नेमा जोड दिए।

नेपाली कांग्रेस मेचीनगर सभापति सुदय पनेरुको सभापतित्वमा सम्पन्न कार्यक्रममा कोशी प्रदेश समितिका सदस्य विमल आचार्य, पूर्वजिल्ला उपसभापति राम कट्टेल, पूर्व जिल्ला सचिव प्रेम सम्बाहाम्फे, १ नम्बर क्षेत्रीय सभापति इन्द्र बुढाथोकी, महाधिवेशन प्रतिनिधिहरु लोकराज ढकाल, सुशीला रिजाल, रोहित बुढाथोकी लगायतले मन्तव्य राखेका थिए। नगरका उपसभापति योगेन थापामगरले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिवद्वय मुकेश लिम्बू र मनोज घिमिरेले संयुक्त रुपमा गरेका थिए।

यसैगरी नेपाली कांग्रेस केन्द्रीय सदस्य महेन्द्राकुमारी लिम्बूको प्रमुख आतिथ्यमा नेपाली कांग्रेस गौरादह नगर समितिको भेला सम्पन्न भएको छ। कार्यक्रममा पार्टीका झापा उपसभापति शेरबहादुर भट्टराई, जिल्ला प्रतिनिधि तथा क्षेत्रीय सभापति ढुण्डीराज भण्डारी, संविधानसभा सदस्य विश्वदीप लिङ्देन, नेपाल महिला संघ केन्द्रीय सदस्य लक्ष्मी बाह्रकोटी प्रसाई, महासमिति सदस्य रोहितकुमार साह, जिल्ला सदस्य चिरञ्जीवी दाहाल, महिला संघ ५ नम्बर क्षेत्रीय अध्यक्ष गोमा प्रसाई बुढाथोकी लगायतले शुभकामना मन्तब्य राखेका थिए। नगर सभापति गोपाल कोइरालाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत महाधिवेशन प्रतिनिधि हेमन्त कार्की र सञ्चालन सचिव नेत्र खड्काले गरेका थिए।

## पत्रकार महासंघमा निर्वाचितलाई प्रेस क्लब भद्रपुरद्वारा बधाई तथा सम्मान



**चन्द्रगढी, पुस ५।** प्रेस क्लब भद्रपुरको आयोजनामा बधाइ तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल पत्रकार महासंघको गतमंसीर २८ गते सम्पन्न निर्वाचनमा निर्वाचित झापा शाखाका पदाधिकारी तथा सदस्यका साथै कोशी प्रदेश समितिमा झापाबाट निर्वाचित पत्रकारलाइ शुक्रबारसम्मान गरिएको हो।

भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पोखरेल, उप-प्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, वडानम्बर ८ का वडाध्यक्ष मनोज सुब्बा (गौरब), पत्रकार महासंघ झापाका पूर्वअध्यक्ष गोबिन्दचन्द क्षेत्रीले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए।

महासंघका नवनिर्वाचित झापा अध्यक्ष एकराज गिरी र कोशी प्रदेश समिति उपाध्यक्ष अम्बिका भण्डारीले प्रतिबद्धता मन्तव्य राखेका थिए। प्रेस क्लब भद्रपुरका अध्यक्ष राजबाबु शङ्करको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत रोहित काफ्ले र सञ्चालन गोपाल गिरीले गरेका थिए।

### कोशीका ...

हुने लगानी सम्मेलन सरकारले गर्नुपर्ने बताए। सरकारले गर्ने लगानी सम्मेलनले निजी क्षेत्रलाई मिलाएर लानुपर्ने आङ्बोको भनाइ छ। भएका पूर्वाधारमा नै लगानी सम्मेलन गर्नुपर्ने र कुनै सङ्गठनले आयोजना गर्ने मेलामा टेन्टमुनि नगर्न उनको सुझाव थियो। उनले खर्चलाई पारदर्शी गरी प्रदेशको निकायबाट नै बजेट खर्च गर्नुपर्ने बताए। लगानी सम्मेलनको तयारी हेर्दा अहिलेसम्म जम्मा ३७ वटा योजनालाई लगानी सम्मेलनमा ल्याउने तयारी भएकोले सम्मेलनको तयारी असाध्यै कमजोर रहेको टिप्पणी गरे।

चौथो विषय पूर्वमन्त्री लीलाबल्लभ अधिकारीको जापान भ्रमणको विषयसँग सम्बन्धित थियो। आङ्बोले पूर्वमन्त्री अधिकारी जापान जानुमा मुख्यमन्त्रीको लापरबाहीले गर्दा भएको भन्दै सरकारले आफ्नो धारणा अहिलेसम्म सार्वजनिक गर्न नसकेको आरोप लगाए। उनले कोलकाता गएका चार जना प्रदेशसभा सदस्यहरू सुन्तला महोत्सवमा जानु गैर कानूनी भएको बताए।

उनले कुनै एउटा संस्थाको पहुँचको भरमा सभामुख तथा परराष्ट्र मन्त्रालयलाई जानकारी नदिई पठाएर मुख्यमन्त्रीले सत्ताको दुरुपयोग गरेको आरोप लगाए। आङ्बोले विराट किङ्सलाई दिने भनेको ३० लाखको विषयमा पनि टिप्पणी गरेका छन्। पत्रकार सम्मेलनमा पछिल्लो समय सरकारबाट अनुगमनको नाममा भएको कामले कर्मचारीलाई आतङ्कित पार्ने र अपारदर्शी सरुवाले कर्मचारीलाई हतोत्साहित बनाउने काम गरेको आङ्बोको भनाइ छ।

### अष्ट्रेलिया ...

पक्राउमध्ये ज्वालारामले अष्ट्रेलिया पठाइदिन्छु भन्दै एक जना पीडितबाट २ लाख रूपैयाँ र बुद्धिबहादुरले दुबई पठाइदिन्छु भन्दै एक जना पीडितबाट एक लाख ९० हजार रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले ज्वालारामलाई काठमाडौं बागबजारबाट र बुद्धिबहादुरलाई काठमाडौं सामाखुशीबाट पक्राउ गरेको हो।

### बैदेशिक ...

भित्रिएको राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ। आव २०८०/०८१ मा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति (पुनः थम स्वीकृतिसमेत) लिई वैदेशिक रोजगारीमा गएका ८० हजार एक सय ७२ महिलासहित कूल सात लाख ४१ हजार दुई सय ९७ जना श्रमिकले पठाएको विप्रेषणले आप्रवासी श्रमिकहरूको घरपरिवार सञ्चालन, मानवीय सम्पत्ति सूचकाङ्कमा सुधार र गरिबीमा रहेका परिवारहरूको आर्थिक जोखिम कम गर्न तथा नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुगेको समितिले जनाएको छ। विश्व बैंकको अक्टोबर, २०२४ को प्रतिवेदनअनुसार नेपालमा कुल गार्हस्थ उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाइभन्दा बढी यसको रहेको छ।

त्यसैले सुरक्षित एवम् मर्यादित वैदेशिक रोजगारीका लागि सरोकारवालाहरूमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आप्रवासी दिवस सप्ताहव्यापी रूपमा मनाउने निर्णय भए अनुसार विविध कार्यक्रम भइरहेको मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने राहदानी, सिप तालिम तथा अभिमुखीकरणलगायत कागजात तयार पार्न स्थानीय तह तथा जिल्लास्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिका तथा गाउँपालिकालगायत निकायको महत्वपूर्ण भूमिका छ। यसर्थ सबैको सरोकारको विषय भएको अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसले स्थानीयस्तरमा समेत विशेष महत्व राख्ने सचिव निरौला बताउँछन्। श्रम मन्त्रालयका उपसचिव वसन्त बोहरा आप्रवासी नीति नै परिमार्जन गरेर वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन लागिएको बताउँछन्। अहिले उक्त नीति सुझावको चरणमा रहेको उनले बताए।

मन्त्रालयका अर्का उपसचिव महेश पराजुली ९८ दशमलव नौ प्रतिशतले रेमिट्यान्स औपचारिक च्यानलबाट पठाएको अध्ययनमा पाइएको र समस्यामा परेका मानिसहरूको सङ्ख्या न्यून रहेको जानकारी दिए। उनले कमाएको रकम घरपरिवार व्यवस्थापनमा बढी खर्च भएको देखिएकाले त्यसलाई आयआर्जनमा लगाउनका लागि प्रोत्साहन र सचेतना जरूरी रहेको र यस्ता कार्यक्रमले सहयोग गर्ने बताए।


"Let All The Private & Boarding Schools Be United"
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल
PRIVATE & BOARDING SCHOOLS' ORGANIZATION NEPAL (PABSON)
DISTRICT EXECUTIVE COMMITTEE,JHAPA

**हार्दिक निमन्त्रणा**

यही मिति २०८१ पुस ६ र ७ गते निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) झापाको आयोजनामा झापा जिल्लाको कनकाई नगरपालिकामा सञ्चालन गरिने **जिल्ला स्तरीय सांस्कृतिक कार्यक्रममा सांस्कृतिक पहिचान झल्किने सांस्कृतिक नृत्य, राष्ट्रियता झल्किने गायनमा आधारित नृत्य, आधुनिक नृत्य, तथा गायन** प्रतियोगिता लगायत **सम्मान तथा कदर कार्यक्रम** भव्यताका साथ सु-सम्पन्न गरिने भएकाले उक्त पावन अवसरमा निम्न स्थान तथा समयमा उपस्थित भई कार्यक्रमको शोभा बढाइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं।

**मिति : २०८१/०९/०६ र ०७ गते**
**स्थान : दिव्यरत्न आवासीय मा.वि., कनकाई न.पा. ३ सुरुङ्गा, झापा**
**समय : विहानको १०:०० बजे**

**हरिकृष्ण पाठक : सचिव**
**प्याब्सन, झापा**

**गौरीमान फागो : अध्यक्ष**
**प्याब्सन, झापा**

District Office Birtamod-1, Jhapa | 023-534790 | jhapapabson@gmail.com







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता

# म के गरौँ

☐ प्रा.डा. हेमनाथ पौडेल



मभित्र विचार छ, विचारभित्र म छु
म विचार लिएर कैयौँ वर्षदेखि
हिँडीरहेको छु अतृप्त सपना बोकेर
निरन्तर निरन्तर ।

तिमीले भनेका थियौ
म घाम दिन्छु, जून दिन्छु
सगरमाथा जत्तिकै उच्च स्वाभिमान दिन्छु
दिन्छु समता, समृद्धि र उज्यालो भविष्य ।

अनि त मैले बोकेको हो
तिमीले दिएको रातो झोला
एउटा आशा, विश्वास र भरोसा लिएर
तर, आज तिमी कहाँ पुग्यौ म कहाँ छु !

मैले सधैँ बोकी रहेँ तिम्रो झोला
अनि बेसरी गाएँ तिम्रो छद्म गाथा
तिमीले भने मलाई छकाई छकाई
भिऱ्यौ मौसम अनुसारका वस्त्र
र भर्यौ आफ्नै बहुरङ्गी झोला ।


कहाँ हरायो पहाड भत्काउने बुढाको कथा ?
कहाँ गयो उत्पादन शक्ति र सम्बन्धको कुरा ?
कहाँ गए वर्गीय द्वन्द्व र अन्तरद्वन्द्वका सिद्धान्त ?
कहाँ गयो अतिरिक्त मूल्यको अर्थशास्त्र ?
कहाँ गए असमानता र विभेद हटाउने कुरा ?
कहाँ गयो स्वाभिमान र समृद्धिको कुरा ?

दोष तिम्रो मात्र छैन, छ मेरो पनि
मैले तिम्रो झोलालाई
बेलैमा बहुरङ्गी भन्ने ठम्याउन सकेको भए
दाग र रङ पहिचान गर्न सकेको भए
आज तिमी, तिमी हुने थिएनौ
म, म हुने थिइनँ ।

म विचार बदल्न सक्दिनँ
झोला बिसाउन सक्छु,
गन्तव्य भुल्न सक्दिनँ
विश्वास बदल्न सक्छु,
अब तिमी नै भन कमरेड !
म के गरौँ ?

कृति समीक्षा

# 'अन्तिम कुमारी रात' कविता संग्रह एक दुर्लभ कृति






भुवन तामाङ

नेपाली साहित्यको काव्य भण्डारमा अर्को गहन कृति थपिएको छ । त्यो कृति हो स्रष्टा 'लीला अनमोल'को सिर्जना 'अन्तिम कुमारी रात' कविता संग्रह ।

प्रायशः गजल सिर्जना गरिरहने साहित्यकार अनमोलको यो कविता कृतिले अनमोल कविता लेखनमा पनि उत्तिकै सक्षम रहेको प्रमाणित हुन्छ । यस कृतिभित्रका कविताहरु सरल भाषाका तर खारिएका स्तरीय लेखन शैलीका रहेका पाइन्छन् । कविताहरुका शब्द र हरफहरु मन छुनेखालका छन् । कविता पढ्न थालेपछि अहिले नै सबै कविता पढीसकौँ लाग्दछ । एउटा मिठास, एउटा आनन्द, एउटा छुट्टै अनुभूति मिल्दछ कविताहरुमा । मानौं झरनाको कञ्चन चिसो पानीले लामो तृष्णा मेटिएको अनुभव हुन्छ पाठकलाई ।

काव्यकार अनमोलका कविताका विशेषता के छन् त ? प्राज्ञ तथा साहित्यकार मुनाराज शेर्माको विचारबाट जानौं । 'लीला अनमोलको कवितामा महिला मुक्ति आवाजको प्रखर प्रक्षेपण, देशको विसङ्गत अवस्थाको उजागर, आफ्नै बाँचेको जीवनको शाश्वत अनुभूतिको शालिन भव्य अभिव्यक्ति, प्रेमिल समय, जीवन र भोगाइको खुलेआम उद्घोष, प्रेमको बुलन्द आलिङ्गन, काव्यिक शिल्प, सुललित मुलायम भाषामा भावनाको उच्च वेगवान प्रस्तुति उनको काव्यिक वैशिष्ठ्य हुन् ।' प्रस्तुत कृति प्राज्ञ शेर्माका विचार जस्तै काव्यिक शिल्पले कुँदिएको, मुलायम भाषामा लेखिएका र उच्च वेगवान प्रस्तृतिका रुपमा पाठक समक्ष आएको छ ।

यस कविता संग्रह सिँधै कविताबाट शुरु हुन्छ र कविताबाटै अन्त्य हुन्छ । भूमिका, विचार र सर्जकको भनाई केही छापिएका छैनन् संग्रहमा । यो पनि एक शैली हो । भूमिका, विचार र भनाईले कृति पढ्नुभन्दा पहिल्यै नै विशेषता या दृष्टिकोण थाहा हुन्छ । जसले पाठकको पठन रुची अर्कोतिर मोड्न सक्छ । त्यसैले यो पनि एक उत्तमशैली भएको अग्रज स्रष्टाहरुको विचार रहेको पाइन्छन् । कविता संग्रहमा पहिलो कविता, संग्रहकै नाम 'अन्तिम कुमारी रात' कविताबाट शुरु हुन्छ । त्यसपछि देश भनेको के हो ?, अमृता विश्वकर्मा, मलाई जन्मकैद हुनसक्छ, भेन्टिलेटरमा किशोरी रहर हुँदै पाँच दर्जनभन्दा बढी कविताहरु समेटिएका छन् ।

संग्रहका कविताहरु अधिकांशतः प्रेमसँग सम्बन्धित छन् । मानिसहरु सोच्दछन् प्रेम एक मिठास र आनन्दको कुरा हो । तर, प्रेममा परिसकेपछि, प्रेम त उतारचढाव र तनावमा पो बद्लिन्छ । अनि मानिस प्रेमबाट भाग्न खोज्छ, तर ऊ फँसिसकेको हुन्छ र प्रेमको पीडामा बाँच्न बाध्य हुन्छ । प्रेमको मिठो कल्पना त तितो विपनामा परिणत भएको पाएपछि प्रेमी या प्रेमिका चित् पर्दछन् । अनि उम्कने बाटाहरु पनि नपाएपछि तनाव, छटपटी र डिप्रेसनको भुँवरीमा रुमल्लिन बाध्य हुन्छन् । अनमोलका प्रेम कविताहरुले यस्तै भाव उजागर गरेका छन् । प्रेमको गुण अनुसार प्रेम नभएको पत्ता लागेको रहस्य पोखेका छन्- कविताका हरफहरुले ।

कविताहरुले अर्को कुरा पनि उजागर गरेका छन्- ती हुन्, प्रेमले आखिर युवती या नारीहरुलाई रुमल्याउँदछ । जसले गर्दा नारी प्रायशः प्रेमको छाँयामा परिरहन्छन् । नारीहरुको दोष होइन्, समाजको सोचको परिणाम हो । भन्नुको तात्पर्य केटा या पुरुषलाई चाहिँ निर्दोष ठान्छ समाजले । कविताले यस्तै सन्देश दिएको पाइन्छ । 'प्रेमको सम्पन्नता' शीर्षकको कविताका कुनै हरफले प्रेमबारे यसो भन्छन्- तिमीले मेरो मनको मैदानमा खेलेपछि, प्रेमको खेल परिवर्तन भएको छ, मेरो जीवनको दर्शन पनि । यो कविताको सन्देश यो हुन सक्छ कि, प्रेम परेपछि पुरुषको दर्शन चाहिँ उस्तै रहने तर नारीको दर्शन फेरिनुपर्ने ? यसरी प्रेमले नारीलाई सताउँछ या परिवर्तन गर्दछ ।

'म' शीर्षकको कविताले, प्रेम सोचे जस्तो नहुन सक्छ, ऊ या उनीलाई सोचे जस्तो नपाउन सकिन्छ, ऊ या उनीबाट आशा गरे जस्तो व्यवहार नपाउन सकिन्छ र धोखा पनि हुन सक्छ भन्ने भाव व्यक्त गरेको छ । कविताको हरफहरु यस्ता छन्- काँडा लागेर मेरो वर्तमान, हिँड्नै नसक्ने बनायौं तिमीले, मरुभूमि भएर मेरो मनको फाँट, हरियो उम्रदैन अचेल, साँच्चै निको हुन नसक्ने भएको छ, म भित्रको घाउ । आखिर प्रेमले नारीलाई प्रताडित बनाउँछ भन्ने सन्देश यस कविताले पनि दिएका छ । तर, केही कविताहरुमा भने प्रेमका मिठास र सकारात्मकताका भाव पोखिएका छन् । 'सपनाको क्यानभास' शीर्षकको कविताले यस्तै भाव पोखेको छ ।

प्रत्येक सुरम्य बिहानीले, मेरा आँखा चुम्न खोज्छ, र त म जिन्दगीको रङ्गीन चंगामा टेकेर, सुहागरात उडिरहन्छु । तर, अनमोलका धेरैजसो कविताहरुले प्रेमप्रतिको बैराग्यताका भाव व्यक्त गर्दछन् । यसका पनि कारण अवश्य होलान् । प्रेम, प्रेम जस्तो नभएको या नहुने भाव पोखिएका छन् अधिकांश कविताहरुमा । कविताहरु पढेर पाठकवर्गले प्रेमप्रतिको दृष्टि नै परिवर्तन गर्न सक्छन् । स्रष्टा अनमोलका कविताहरु उस्तो विद्रोही छैनन् । तर, बेगवान, बुलन्द र मुलायम छन्, साथै सरल र मिठो शब्द शैलीमा सजिएका छन् । यी कविताहरु पढ्नुको आनन्द नै अर्कै भइदिन्छ ।

संग्रहका कतिपय कविताहरुमा स्वतन्त्रता शब्द दोहोरिरहन्छन् । नारीको त्यसमा पनि नेपाली नारीको व्यक्तिगत स्वतन्त्रता धेरै नै कुण्ठित या कैद या थुनिएको भाव पाइन्छ कविताहरुमा । हुन पनि नेपाली समाजले नारीको हरेक स्वतन्त्रता थुनेर राखेको पाइन्छ । समाजमा विद्यमान अन्धविश्वास, विभेदबाट नारीहरुले स्वतन्त्रता पाउन राजनीतिक स्वतन्त्रताभन्दा गाह्रो भएको भाव कविताहरुले व्यक्त गर्दछन् । नारीहरु समाजले निर्धारण गरेका, परम्पराले तोकेका नियमहरुमा सधैँ हाजिर भइरहनुपर्ने बाध्यता रहेको भाव छ कवितामा । साथै, यस्तो विभेद र जन्जिर तोड्न सचेतना प्रवाह गर्दछन् कविताहरुले । जो कोही नेपाली या मानवहरु स्वतन्त्र हुनु पर्दछ । यस कविताको सन्देश यही छ ।

कृतिभित्र निराशापूर्ण प्रेमका कवितामात्र छैनन् देशको बिग्रँदो अवस्थाप्रति चिन्तनहरु छन् । लोकतन्त्र शीर्षकको कवितामा, नेपालको लोकतन्त्रले गलत स्वतन्त्रताको प्रयोग गरेको, मौलिक संस्कृतिमाथि अतिक्रमण, समाजको एकता भत्काएको, मुस्कुँराउँदो उज्यालो खुसी घाइते बनाएको, झुठो सपनाको बिस्कुन लगाएको भाव छ कविताहरुमा । तर, आशाहरु पनि जगाउँदछन् कविताहरुले, झुल्कने छ त्यो रातो घाम कविताले भन्छ, म सम्भावनाको रातो घाम झुल्किन चाहन्छु, जस्ता हरफहरु लेखिएका छन् ।

सर्जक अनमोलका कविताहरुले, देश भनेको जनताले न्याय नपाउने हो ? भनेर प्रश्न गर्छन् र त्यस्तै गरी एक किशोरीको रहर के हुन्छ ? भनेर पनि प्रश्न गर्छन् । देशभक्ति र आमाको ममताका कविता पनि छन्- यस संग्रहमा । बालपनका सम्झनाहरुले पाठकवर्गलाई आफ्नै बालपनमा फर्काउँदछन् । बालपनका ती रमाइला पलमा पुऱ्याउँदछन् कविताहरुले । यस कृतिभित्रका कविताहरुले विशेष गरेर किशोर-किशोरी, युवा-युवतीका मनको भावहरु व्यक्त गर्दछन् ।

धेरै-धेरैको युवा समय कविताहरुले भने जस्तै भावनामा बित्दछन् । आफ्ना सुन्दर सपना, चाहनाहरुलाई भने जस्तो बनाउन खोज्दाखोज्दै पनि ती प्राप्ती नहुँदा मनमा कस्तो असर पर्छ ? युवा-युवतीका सामाजिक जीवन त खल्बल्याउँछ नै तर व्यक्तिगत जीवनमा धेरै आघात भरिदिन्छ । सम्भावनाहरु धुमिल भइदिन्छन् । यिनै आपवितिहरु समेटिएका छन् यस कृतिमा । यस कृतिको नाम या कविताको शीर्षक नै यस्तो छ कि, यो शीर्षक कृतिमा संयोजित हुनु एउटा दुर्लभ घटना मान्न सकिन्छ । लामो समयको पर्खाइपछि प्राप्त भएको अमूल्य उपहार हो यो नाम या शीर्षक, कविता अनि सिंगो कृति ।

बिर्तामोड झापा निवासी कृतिकार अनमोल एक साहित्यकार, रेडियो तथा सञ्चारकर्मीका साथै स्तरीय कृतिहरुका स्रष्टाका रुपमा सक्रिय भएको पाइन्छ । अनमालेका यस नवीन कृति आफ्नो विधामा अब्बल गुणले सजिएको पाइन्छ । कविताहरु पढेपछि मनमा छाप बनेर अडिरहन्छन् । अनि यस कृति पठन संस्कृति पुनःस्थापना गर्न सक्षम छ । स्रष्टा लीला अनमोलका शसक्त सिर्जना तथा दुर्लभ 'अन्तिम कुमारी रात' शीर्षकको कविताको रहस्य, मिठास र अरु कविताहरुले पाठकको मनमा के प्रश्न गर्छ ? के उजागर गर्छ ? के सन्देश दिन्छ ? कस्तो तरंग र हलचल ल्याउँछ र कस्तो समाधान सुझाउँछ ? पढ्ने जिम्मा पाठकवर्गमा । सांग्रिला बुक्सले भर्खरै प्रकाशन गरेको यस चिटिक्क बान्कीको गहन काव्य कृति पढ्न अवश्य नछुटाऔं ।

यात्रा संस्मरण



# हातेमालोको यात्रा अनुभव



पदमप्रसाद पोखरेल

हातेमालो सहकारी सस्थाबाट पाँच दिने अवलोकन भ्रमण मिति २०८१/०१/२३ गते बिहान ५ बजेको समय तोकिए पनि हामी ६ बजे हातमालो बचत तथा ऋण सहकारीको कार्यालयबाट प्रस्थान गरियो । मुनाल कम्पनीको बस नं. ४१४१, चालक टेकबहादुर तिवारी, सहायक विष्णु ढुंगेल पाँच दिनको लागि हामीसँगै रहने कार्यक्रम तय भएको थियो । यात्रामा हामी पुरुष १४ जना र महिला १८ जना गरी जम्मा ३२ जना थियौं । यसमा ज्येष्ठ नागरिक रुद्रप्रसाद खनाल र सबैभन्दा कान्छो यात्रु गोमा निरौला यात्रामा रहनुभएको थियो ।

हाम्रो यात्रा दमक नपुगी पिसाबले च्यापो भनेर पछाडिबाट आवाज आयो । बाटो निर्माणको सिलसिलामा दुबैतर्फ खनिएको कारण भन्ने साथ गाडी रोकिएन । काने पोखरीमा रोकेर पिसाब पनि फेर्ने चिया नास्ता कसैलाई मन लागे गर्ने निधो गरेर यात्रा आगाडि बढाइयो । केही समयपछि हामी कानेपोखरी पुग्यौं । सबै जना बसबाट उत्रेर पिसाब फेर्नेतिर लागियो । शौचालय रुगालोसँग केही साथीहरूको बाझाबाझ पनि भयो । दिसा गरेको रु.१० र पिसाब गरेको पनि रु.१० लिने रहेछन् । हाम्रा यात्रुको कुरा नाजायज थिएन । पिसाबको पाँच रुपैयाँ हुनुपर्ने थियो । केही साथीहरू नास्ता गर्ने भनेर चना आलु खानतर्फ लाग्नुभयो । खाइसकेर पैसाको कुरो गर्दा त रु. ८० (अस्सी) प्रति प्लेट ठटाएछन् ।

हाम्रा साथीहरू खाएको दुई-चार चना र दुई-चार चाना आलुको दाम रु.४० सम्म ठिकै हो । दोब्बरमा परियो भनेर पैसा तिरेको छैनसम्म भन्न भ्याए । गएर पुनः कुराकानी भएपछि मात्र साम्मे भयो । केही साथीहरु भने हरियो मकै पोलेको खाने भनेर पोलेतर्फ लाग्नु भयो । म पनि त्यसैमा परेँ । त्यहाँबाट हामी ८.३० तिर अगाडि बढ्ने क्रममा जाँदाजाँदै इटहरीबाट केही पर गएपछि चताराको जाम शुरु भयो । यहीँबाट जाम शुरु भएपछि चतारासम्म कसरी बाटो काट्न सकिएला भनेर हामीले बाटोको रूट फेर्ने होकि भन्ने छलफल चले पनि बदलिँने कुराको टुङ्गो लागेन । आखिर हामी चतारा हुँदै नै जाने पक्का भयो ।

केही पर पुगेपछि यसो पानी पाउने नपाउने हेरेर बाटोमै पहिलो दिनको भोजन गर्ने भनेर बस बिसाइयो । समय हेर्दा १०:३० भएको रहेछ । कोही पानी माग्नतर्फ कोही बसबाट सामान उतार्नेतर्फ लागियो । एउटा ग्यासबाट दुईवटा चुल्हा बल्ने व्यवस्था भएको पाइप भएको हुँदा भात-दाल-तरकारी अचार बन्यो । सबै यात्रुहरुले खाना खाएर भाडावर्तन सफा गर्दा हामी त्यहाँबाट १२:१५ मा प्रस्थान गर्न भ्याइयो । खाना बनाउने कार्यमा प्रमोद पोखरेल, गंगा सिग्देल प्रमुख रुपमा हुनुहुन्थ्यो । अन्य महिला दिदीबहिनीहरुले सब्जी सुधार्ने काम गर्नुभयो । सँगसँगै गीत बजाएर नाँच्न पनि दिदीबहिनी पछाडि पर्नु भएन । त्यसपछि धेरैजसो पिच बाटो नै दौडेर हाम्रो बस २ बजेतिर कटारी पुगियो । बसले इन्धन भर्ने काम गर्यो । त्यहाँबाट हामी कच्ची बाटो उकालो सामान्य ओरालो पनि बाटामा ओरालो मात्र होइन धुलोले टप्प पुरेका हामीले उठाउन नसक्ने ढुंगाहरु माथि गाडीको चक्का गुड्दा कस्तो भयो । आफै अनुमान गर्नुहोस् ।

कस्तो भयो होलाका बीच पनि गाडी गुडिनै रह्यो । हामी हलेसी पुग्दा बेलुकाको ८:१५ भइसकेको थियो । हामी जम्मा यात्रुहरु ३२ जनाको मात्र हिसाब हुँदो रहेछ । चालक र सहचालकलाई होटलले छुट्टै व्यवस्था गर्दो रहेछ । हामी ३२ जना सुते वापत आठ हजार रुपैयाँ तय भयो । खान पकाउन भाडा मोल्न पनि पानी दिने सहमति भयो । हलेसीमा पानीको ठूलै सङ्कट रहेछ, होटल साहुले भन्दै हुनुहुन्थ्यो । पुरुष १४ जना तल्लो तलामा र महिला १८ जना पहिलो तलमा व्यवस्था मिलाइएको थियो । त्यो बेलुका पनि खाना बनाउन सहयोग गर्ने साथीहरु ऐजन ऐजन नै हो । उहाँहरुको काम देखेर वास्तवमा सबै यात्रुहरु नै खुशी व्यक्त गर्नुभएको महशुस गरेँ मैले ।

बिहान ४ बजेबाटै यात्रुहरु उठेर नित्य कर्मतिर लाग्नुभयो । सबैभन्दा पहिलो उठ्ने अली बुढो भएर होकि मै परेँ । म आफू कर्म सकेर मात्र अरुलाई उठाउँथेँ । अन्तिमतिर बाथरुम जाने साथीहरुले पानी पाउनुभएन । पानीको ज्यादै सङ्कट नै रहेछ । हलेसी महादेव मन्दिर विश्वकै प्राकृतिक तवरले बनिएको मन्दिर रहेछ । यसको सफाइको व्यवस्था होटलमा स्थानीय तहको निगरानी भए जस्तो देखिन मैले । बाटो साहै अव्यवस्थासँग चलेको एक पटक गएको यात्रु सबै खर्च सवारीसाधनको व्यवस्था गरिदिन्छु भन्दा पनि आउने आँट गर्नुभएन । यदि बाटो राम्रो भएको भए यस्तो कुरा सुन्नुपर्ने थिएन । यस सम्बन्धमा स्थानीय निकायको ध्यान जान जरुरी छ । यहाँको व्यवस्थापन राम्रो गर्न सके हलेसी बासीको जीवनस्तर अहिलेको भन्दा राम्रो हुने कुरामा दुई मत न होला ।

हाम्रो दोस्रो दिन २०८१/०१/२४ गते बिहान ७ बजेतिर हलेसी महादेवको दर्शनपछि तल रहेको शिवजीको गुफा पनि नजर गरियो । भित्तामा रहेको प्वालमा शङ्ख बजाउने कार्य पनि गरियो । त्यसै घुमेर प्रस्थान विन्दुमा आई होटलतर्फ लागियो । भेला हुन हामीलाई केही समय लाग्यो । सबै यात्रु आएपछि हामी त्यहाँबाट चरिकोटतर्फ प्रस्थान गरियो । बीच बाटोमा एउटा होटल रहेछ । त्यसैको छेउमा खाना पकाएर खाएर हिँड्ने काम भयो, बेलुका हामी कालिनाग होटल चरिकोटमा बास बसियो ।

२०८१/०१/२५ गते बिहान भिमेश्वर महादेव मन्दिर दर्शनमा गइयो । धेरै पुरानो मन्दिर, जबजब देशमा ठूला घटनाहरु हुनुअघि यस मन्दिरमा रहेको मूर्तिमा पसिना आउँछ भन्ने सुनियो । पहिला सुनेको थियो, आज प्रत्यक्ष हेर्ने मौका मिल्यो । कति पुरानो भनेर सोद्धा माहाभारतकालीन मन्दिर भन्ने त्यहाँका बासिन्दाको भनाइ आयो । हामीले पनि विश्वास गऱ्यौं । मन्दिर दर्शनपछि आएर भान्सा गरेर हामी मिलीजुली सहकारी अवलोकतर्फ लाग्ने काम भयो । सहकारी अवलोकनपछि हामी कालिञ्चोक भगवती दर्शन हेतु चरिकोटमा बास बसेको होटलको शाखा होटल कुरी भन्ने स्थानमा रहेछ । त्यहाँ लगेर हामीलाई बिसाउने काम भयो । हामी कुरी पुगेपछि पानी पनि आयो आंशिक रुपमा हिउँ पनि पऱ्यो । पछि पग्लेर थोप्ला थोप्लीमा पानीमा परिणत भयो । जाडो खुबै भयो । भित्र आफ्नो बर्को, त्यसपछि हलुका सिरक त्यसमाथि कम्बल ओढ्दा पनि जिउ तातेन ।

१२ बजेसम्म हामी रुद्र वा म निदाएका थिएनौं । पछि मात्र निदाइयो । बिहानको नित्य कर्म सकेर सबै यात्रुहरु पलान्चोक भगवतीको दर्शन गर्न प्रस्थान गरियो । एक कि.मि. जति हिँडेपछि केवलकार भएको ठाउँमा पुगियो । छ सय रुपैयाँ तिरेपछि जातेआते यात्रा हुँदोरहेछ । त्यहाँबाट केवलकारले उतारेपछिको यात्रा मलाई र मेरी घरकीलाई अली कठिन भयो । उभो जाँदा साथीहरुले सहयोग गरेर र टंक सरले पनि सहयोग गरेर चुलीमै पुगियो । फर्कदा भने सुभाषजीले सहयोग गर्नुभयो । केवलकारबाट झरेपछि पनि एउटा पिकअप भेटेर होटलसम्म हामी सजिलै आइयो । त्यो दिनको खाना हामीले कुरीमै खाएर चरिकोट पुरानो होटलमा बास बसियो । यो मिति २०८१/०१/२६ गतेको कुरा हो । यो पटक भने मलाई सिंगल रुम मिल्यो । फेरि म अलि मोटो भएको हुनाले निद्रामा घुर्दो रहेछु । अलीअली त सबै मान्छे घुर्छन् । जिउँदा मानिसले नै घुर्ने हो भन्ने कथन पनि छ ।

२७ गते यात्राको पाँचौं दिन अन्तिम दिन चरिकोटबाट ६ बजेतिर हाम्रो फिर्ती यात्रा शुरु भयो । यात्राको क्रममा फोटो खिच्दा मानिस घट्दै जाने हो भने ७५% यात्रुहरुको स्वरुप मात्र रहने थियो । कति जना यात्रुहरु बीचबाट यहाँ पनि जाने उहाँ पनि जाने भन्नुहुँदोरहेछ । त्यसै पनि हाम्रो यात्रा त ओखलढुङ्गासम्मको थियो । ओखलढुगा रद्द भएपछि जिरी जानुपर्छ भनेर त मैले पनि कुरा राखेकै हो । अन्यत्र जाने कुरा त सम्भव नै नहुने किनभने बस रुट थिएन । पटके काट्नुपर्ने भन्न खोजेको हो । बाटोमा दिदीबहिनी छोरीहरुले अविरल रुपमा भजन, अन्ताक्षरी साथ साथमा बसभित्र पनि नृत्य गरेर सबैलाई रमाइलो बनाउनुभयो । यात्रामा गायनलाई प्राथमिकता दिएमा कसैलाई टाउको दुख्ने, वाकवाकी लाग्ने हुँदैन विशेष किसिमले यात्रालाई रमाइलो पार्ने टोलीमा मुना भट्टराई, शारदा भट्टराई, नैनकला दंगाल, ललिता पोखरेल, केवल पोखरेल, पुरुषतर्फ टंक काफ्ले, युवराज लुइँटेल, खगेन्द्र अधिकारी आदि हुन् ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज तपाईले जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आजको दिन तपाईको लागि फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन्, मनोरञ्जनमा ध्यान जानेछ मन प्रशन्न रहला ।

# सहयोगको याचना गर्दै भागवत

☐ गोपाल अधिकारी

**बिर्तामोड, पुस ५।** दुःखीको घरमा मात्र तेरो वास हुने भए, हे ईश्वर दया राखी मलाई अझ दुःख दे ! बालकृष्ण समको यो भनाइ झैं भागवत रामको दैनिकीमा पनि मेल खाएको छ ।

बुबा सबुरलाल र फुदनिदेवी रामका कान्छा छोरा भागवत जन्मजात अपाङ्ग हुन् । उनको दाहिने हात कुमभन्दा तलको भाग सपाङ्ग छैन । छ त हातको अवशेष मात्र । जसका कारण उनले आफ्नो दैनिकी देब्रे हातले गर्छन् । केही वर्ष अगाडि आफ्ना दाजुहरू गुमाएका रामले चार वर्ष अगाडि आमा समेत गुमाए । त्यसपछि उनी एक्लिएर बुवासँग बस्दै आएका छन् ।

सुखीपुर सिराहा निवासी शान्तिकुमारी महरासँग १४ वर्ष अगाडि विवाह गरी सहज जीवनयापन गर्ने क्रममा विगत आठ वर्षदेखि आफ्नो जन्मथलो शम्भुनाथ नगरपालिका सिराहा छाडेर बेलबारी नगरपालिकामा बसी श्रीमतीको साथ सहयोगमा पूर्वका बजार र हटियाहरुमा डटपेन बिक्री गरी गर्जो टार्दै आएका छन् । उनले छोराहरूलाई भगवती मावि बेलबारीमा




पढाइरहँदा एक्लो बुवालाई आफूसँग ल्याएपछि श्रीमतीको असहमतिले पारिवारिक द्वन्द्वको शुरुवात भएको उनी सम्झन्छन् ।

उनकी श्रीमतीले विगत चार वर्ष अघिदेखि सपरिवार छाडेर माइती गएपछि भागवतको भाग्यमा झन् कालो बादल मडारिन थालेको हो । झोलामा डटपेन बोकेर दैनिक बजार दौडिँदा ढाडको हड्डी खिएर कष्टका साथ हिँडडुल गर्दै कुनै दिन एक-दुई सयको व्यापार गर्दै घर फर्किएर भोकै सुत्नु परेको पीडाले थलिएका भागवतको जीवनमा कहिले आनन्दको सास फेर्न पाएनन् ।

घरमा बिहान ९२ वर्षीय बुबा, कक्षा ५ र ६ मा अध्ययन गर्ने छोराहरूलाई खाना दिएर दिनभरि शहर र हटियाहरुमा डटपेन बेचेर आएको आयबाट परिवार धान्दै आएका भागवतले मनकारी दयालु सहयोगी दानवीर मनहरूसँग एउटा ठेला र ठेला व्यापार गर्न केही रकमको याचना गरेका छन् ।

उनी भन्छन्- 'कसैले ठेला किन्दियो भने छोराहरूको सहयोगमा (ल्याउन लैजान) सानुतिनु व्यापार गरेर दुईछाक खानाको जोगाड हुन्थ्यो कि !' डटपेन बिक्री गर्नेक्रममा पूर्वाञ्चल दैनिकको कार्यालय आइपुगेका उनले आफ्नो दुखेसो पोख्दै मनकारी दातासँग सहयोगको अपिल गरेका छन् । जसका लागि उनले आफूलाई ९८१६७९०२५२ मा सम्पर्क गर्न समेत आग्रह गरे ।

# 'व्यवसायी राहत कोष'मा चौधरीको सहयोग



**बिर्तामोड, पुस ५।** जन्मदिन मनाउने सबैको आ-आफ्नै तरिका हुन्छ । कसैले जन्मदिनको अवसरमा फजुल खर्च गर्दै मनोरञ्जन गर्छन् भने कसैले दिनदुःखीको सेवा गर्छन् ।

तर, बिर्तामोडका व्यवसायी दिवाकर लाल चौधरीले भने आफ्नो जन्मदिनको अबसर पारेर सामजिक हितकारी कार्य गरेका छन् । उनले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी राहत कोषका लागि २१ हजार रुपैयाँ सहयोग गरेका छन् ।

व्यवसायीलाई आपतविपद् परेको खण्डमा मलमपट्टी लगाउने उद्देश्यले संघले सहयोग गर्ने भन्दै एक करोड रुपैयाँको कोष खडा गर्ने गरी 'राहत कोष' स्थापना गरेको छ । सोही कोषका लागि चौधरीले संघका अध्यक्ष राजु न्यौपानेलाई रकम हस्तान्तरण गरे । सो अवसरमा व्यवसायी चौधरीलाई संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुले जन्मदिनको शुभकामना व्यक्त गर्दै कदपत्र समेत प्रदान गरेको संघका महासचिव कुशल खतिवडाले जानकारी दिए ।

# नौ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण

**काठमाडौं, पुस ५।** सरकारले तीन वर्षअघि मुलुकका प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल बनाउने योजना अघि बढाएको थियो । हालसम्म नौ स्थानीय तहमा मात्र आधारभूत अस्पताल निर्माण गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तथ्याङ्क अधिकृत सूर्यबहादुर खड्काका अनुसार हाल चार सय २५ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको काम भइरहेको छ । मन्त्रालयले अस्पताल नभएका छ सय ५७ स्थानीय तहमा आधारभूत अस्पताल बनाउने निर्णय गरेको थियो ।

सरकारले पहिलो चरणमा तीन सय ९६ र दोस्रो चरणमा दुई सय ६१ स्थानीय तहमा अस्पताल बनाउने निर्णय गरेको थियो । केही पालिकामा जग्गा विवाद र राजनीतिक कारण निर्माण कार्य अघि बढ्न सकेको छैन । सरकारले तीन सय ९६ स्थानीय तहमा निर्माणको स्रोत सुनिश्चित गरिसकेको छ । दुई सय ६१ पालिकामा अस्पताल निर्माण गर्न स्रोत सुनिश्चत भएको छैन ।

'स्रोत सुनिश्चित नभएका स्थानीय तह आफैले अस्पताल बनाइरहेका छन् । सिन्धुपाञ्चोकको सुनकोसी गाउँपालिका आफैले अस्पताल भवन बनाएको छ' - अधिकृत खड्काले भने । उनका अनुसार अहिलेसम्म तीन सय ९६ पालिकामा अस्पताल बनाउन रु. ५१ अर्ब ८४ करोड ५५ लाख र दुई सय ६१ पलिकाका लागि रु. तीन अर्ब २० करोड विनियोजन गरिएको छ ।

वि.सं. २०७७ मा प्रधानमन्त्री केपी शर्मा ओलीले पालिका तहमा पाँच, १० र १५ शय्याको अस्पताल निर्माण गर्ने निर्णय गरेका थिए । त्यही अनुसार ८० पालिकामा पाँच शय्याको, एक सय ५४ पालिकामा १० शय्या तथा चार सय २३ पालिकामा १५ शय्याका अस्पताल निर्माण गर्न थालिएको हो ।

सरकारले पाँच शय्याका लागि रु. सात करोड ११ लाख ९८ हजार, १० शय्याका लागि रु. १० करोड ८३ लाख ३६ हजार र १५ शय्याका लागि रु. १८ करोड छ लाख ४२ हजार विनियोजन गरेको छ ।

# कुवेत सरकारद्वारा ६१० विदेशीलाई देश निकाला

☐ योगेन्द्र योगी

**विराटनगर, पुस ५।** कुवेतले आफ्नो निवास र श्रम कानूनको उल्लंघन गरेकोमा दोषी पाएका छ सय १० प्रवासीहरूलाई देश निकाला गरेको छ ।

कुवेत सरकार अवैध विदेशीहरू माथि असहनीय सुरक्षा क्ल्यापडाउनको साथ अगाडि बढिरहेको जनाएको छ । गृह मन्त्रालयले डिसेम्बर १ देखि रेसिडेन्सी मामिला अनुसन्धानको सामान्य प्रशासनले सञ्चालन गरेको निरीक्षण अभियानले रेसिडेन्सी र श्रम कानूनको उल्लङ्घन गर्ने तीन सय १७ जनालाई पक्राउ गरेको जनाएको छ । सोही अवधिमा छ सय १० अन्य उल्लंघनकर्तालाई देशबाट निष्काशन गरिएको जनाएको छ ।

मन्त्रालयले देशभर आफ्नो सुरक्षा अभियानलाई तीव्रता दिने र आवास र श्रम नियम उल्लङ्घन गर्ने जो कोहीलाई पक्राउ गर्ने वाचा गरेको छ । जवाफदेहिताले कामदार र रोजगारदातालाई समान रूपमा लक्षित गर्छ, मन्त्रालयले भनेको छ । कुल ४.९ मिलियन जनसंख्या भएको देश कुवेतले आफ्नो जनसांख्यिकीय असन्तुलन र श्रम बजारलाई नियमन गर्न खोजिरहेको छ । त्यहाँका अधिकारीहरूले भर्खरै अवैध विदेशी बासिन्दाहरू विरुद्ध राष्ट्रव्यापी क्र्याकडाउन माउन्ट गरेका छन्, जसले आफ्नो स्थिति सुधार गर्न तीन महिनाको



अनुग्रह अवधिको फाइदा लिन असफल भएका छन् ।

मार्चमा शुरु भएको आममाफीले गैरकानुनी आप्रवासीहरूलाई आफ्नो निवास स्थिति समायोजन गर्न वा जरिवाना तिर्न स्वेच्छाले देश छोड्न अनुमति दिएको थियो । म्याद ३० जुनमा सकिएको थियो । अनुग्रह अवधिमा, राहदानी नभएका अनियमित प्रवासीहरूले जरिवाना तिर्न बिना कुवेत छोड्न सक्षम थिए र देशमा पुनः प्रवेश गर्न अनुमति दिए ।

यात्रा कागजात नभएका गैरकानूनी बासिन्दालाई पनि नयाँ प्राप्त गर्न र प्रस्थानको लागि प्रयोग गर्न अनुमति दिइएको थियो । डिपोर्ट भएकाहरूलाई पाँच वर्षको लागि आजीवन कुवेत र अन्य केही देशहरूमा पुनः प्रवेश गर्न प्रतिबन्ध लगाइएको जनाएको छ ।

कुवेतले विभिन्न समयमा गैरकानूनी रुपमा बस्दै आएका नेपालीसहित विदेशी नागरिकलाई कानुनी प्रक्रिया पूरा गरी कुवेतमै बस्न वा सीमित जरिवाना तिरेर आ-आफ्नो मुलुक फर्किन दिएको समय सिममा पनि नफर्किएकाबिरुद्ध कडा कदम चल्दै गिरफ्तार कार्य जारी राख्ने जनाएको छ । पछिल्लो समय कुवेतमा लागूऔषध दुर्व्यसन र ओसारपसार गरेको आरोपमा पक्राउ परेका नेपालीहरूलाई जेलमा राखिएको र जेल सजाय सकिएपछि देश निकाला गरिदै आएको बताइएको छ ।

# दुई जना पक्राउ

**सुनसरी, पुस ५।** सुनसरीको धरान-१५ स्थितबाट नियन्त्रित औषधीसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

स्थानीय ३० वर्षीय डिकन राईको घरमा लागूऔषध कारोबार भइरहेको सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट बरगाछीबाट खटिएको प्रहरीको टोलीले उनको घर खानतलासी गर्दा नियन्त्रित औषधी ट्रामाडोल र स्पासपेन गरी जम्मा चार हजार चार सय क्यासुल, नेपाली रुपैयाँ २१ हजार पाँच सय रुपैयाँसहित डिकन राई र २३ वर्षीया सुमित्रा राईलाई नियन्त्रणमा लिएको छ ।


वैदेशिक रोजगारीमा जान चाहनेहरूले हामीलाई सम्झनुहोला ।
सम्पर्क : ९८०१४३३०२७

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क:
शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे
दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष
९८०६०१८१७४
९८४०३८७६७५
जीवन कार्की
९८१७९४०१७३
मे १ ज १६७०

तािप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो.: ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

होटल किङ्ग फिस्ट रेष्टुरेन्ट एण्ड लज
सुन्दर शान्त वातावरणमा खाना, बस्नको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क :
बिर्तामोड-१, पाथीभरा सिनेप्लाजा
फोन: ९८०४९०४२११

Study in Japan
जापान अध्ययन गर्न चाहनेहरुका लागि शैक्षिक परामर्श साथै जापानीज र कोरियन भाषा सिकाइन्छ ।
सम्पर्क :
Global Peace Education Pvt. Ltd.
Birtamode, jhapa
023-536214, 9820536214

आयुर्वेद काफ्ले क्लिनिक
यहाँ पुराना नयाँ सम्पूर्ण रोगहरुको आयुर्वेद पद्धतीबाट उपचार गरिन्छ तथा सम्पूर्ण आयुर्वेद औषधीहरु उपलब्ध छ ।
पश्चिम बस स्टेण्ड बिर्तामोड
०२३-५३२११७, ९८५२६७४१५२

हामीलाई सम्झनुहोस्
सुरक्षित वैदेशिक रोजगारीको लागि कुवेत, कतार, दुबही, साउदी, बहराइन लगायत देशहरुमा जानका लागि हामीलाई सम्झनु होला ।
सम्पर्क : ९८०८८२६९०५

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

साविक पाराखोपी गाविस वडा नं. ६, हाल अर्जुनधारा नगरपालिका वडा नं. ५ बस्ने श्री नरेन्द्रकुमार कार्कीको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'कु प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**
१) पूर्वतर्फ श्री प्रणिता राई
२) पश्चिमतर्फ श्री सपना देवी राई
३) उत्तर तर्फ श्री प्रेमप्रसाद बाँस्तोला
४) दक्षिणतर्फ बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-०५ | ११९३९ | ०-०-११.७५ | | २०८१।०८।२७ | २०८१।०९।०५ |

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

**सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मिति: २०८१-०५-१८

बुद्धशान्ति गाउँपालिका वडा नं. १ मा अवस्थित कि नं. ४२२३ को क्षेत्रफल ०-०-१० मा भवन निर्माण गर्ने घरधनी श्री पूर्णबहादुर बिष्टले गा.पा.मा निर्मित भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनका लागि निवेदन पेश गरेकोमा सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जादा तपसिलमा भएको सँधियार नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सँधियार बाटो नदी, नाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सोको उजुरी गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नक्सा बमोजिम पास भई जाने व्यहोरा अनुरोध छ ।

**नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण**

| दिशा | सँधियारको नाम | कि.नं. | कैफियत |
|---|---|---|---|
| उत्तर | बाटो | | |
| दक्षिण | सुरेन्द्र सापकोटा | | |
| पूर्व | रामबहादुर गुरुङ | | |
| पश्चिम | सृजना दंगाल | | |

घरको नाप : लम्बाई- ४०, चौडाइ-२४, उचाई-१८, तल्ला संख्या-


नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा



तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष



सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.0. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra